

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक १५ गते बिहीबार ❑ 31 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कांग्रेस उपसभापति गुरुङ माथि छानविन हुन्छ, दोषी भए कार्वाही हुन्छ: गृहमन्त्री लेखक

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक

नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले नेपाली कागेंसका उपसभापति धनराज गुरुङमाथि समेत छानविन तथा अनुसन्धान हुने बताउनु भएको छ।

नेपाल प्रेस यूनियन कास्कीले बुधबार पोखरा अन्तराष्ट्रिय विमानस्थलमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले कागेंस उपसभापति गुरुङ माथि समेत सहकारीको रकम हिनामिना गरेको आरोप आएकोले त्यसको छानविन र अनुसन्धान हुने बताउनु भएको हो । उहाँले भन्नु भयो "यदि तथ्यले प्रमाणले गुरुङले गैर कानूनि रुपमा काम भन्ने पुष्टि भए कावाही हुन्छ, तर हामीले कसैको मुख हेरेर अनुसन्धान गर्ने गरेका छैनौं तथ्य र प्रमाण हेरेर कावाही गर्ने गरेका छौं, तथ्य र प्रमाणले जता जता अनुसन्धान गर्न निर्देशन गर्छ हामी त्यहाँसम्म पुग्छौं। " सहकारी ठगि प्रकरणमा जता जता तथ्य र प्रमाण भेटिन्छ त्यतै तर्फ छानविन र अनुसन्धान



हुने उहाँको भनाई थियो। गल्ती गर्ने सबै कार्वाहीको दायरामा सरकारले ल्याई छाड्ने गृहमन्त्री लेखकले उल्लेख गर्नु भयो । जिबी राई कहिले पक्राउ पर्नुहोला भन्ने पत्रकारको प्रश्नमा सरकारले सहकारीको आरोपितहरुलाई खोज र अनुसन्धान गरि रहेको बताउदै विदेशमा रहेकाहरुलाई विधि र प्रकृया मिलायर खोज अनुसन्धान र नेपाल भित्राउने रणनितीमा सरकार लागेको जनाउनु भयो । विदेशमा रहेकाहरुको बिषयमा इन्टरपोलबाट नेट कर्नर नोटिस जारी भएको अबस्थामा को कति वेला कहाँबाट पक्राउ गर्ने भन्ने बिषय हाल भन्ने सकिने अबस्था नभएको उहाँको भनाई थियो। निश्चित व्यक्तिहरुको मात्र सरकारले प्रतिसोचका आधारमा सहकारीको रकम अपचलन गरेको आरोपमा कार्वाही गर्ने अन्यलाई किन नगरेको भन्ने पत्रकारको प्रश्नमा उहाँले सहकारीको ठुलो रकम हिनामिना भएकोले छानविन समितिले दिएको रिपोर्टका आधारमा सबैलाई कानूनि दायरामा ल्याउने दाबी गर्नु भयो । ५ पार्टीका ७ जना सांसदहरु रहेको संसदीय छानविन समितिले दिएको रिपोर्टको आधारमा आफुहरुले सहकारीको रकम हिनामिना तथा अपचलन गरेको बिषयमा आरोपित सबै समक्ष छानविन गर्दै जाने गृहमन्त्री लेखकले बताउनु भयो।

सहकारी ठगि आरोपमा विदेशबाट समेत आफुहरुले केही व्यक्तिहरुलाई नियन्त्रणमा लिएको दाबी गर्दै उहाँले छानविन समितिले दिएको प्रतिवेदनका आधारमा आरोपित मध्य जो कसैलाई पनि छानविन गर्ने र दोषी ठहर भए कानून अनुसार कार्वाही गर्न सरकार तयार रहेको दाबी गर्नु भयो। न्यूनतम भए पनि सहकारी पिडितहरुको रकम फिर्ता हुने प्रकृया सुरु भएको गृहमन्त्री लेखकले जनाउनु भयो । समग्र सहकारीको सुधारको बिषयमा सरकार लाग्ने उहाँले जनाउनु भयो । गण्डकी प्रदेशको लाइफ लाइनको रुपमा रहेको नेपाल र चीनको उत्तरी नाका खुल्ला हुनुले यस प्रदेश सहित समग्र नेपालको अर्थतन्त्र र पर्यटनको क्षेत्रमा धेरै मद्धत पुग्ने गृहमन्त्रीले विश्वास व्यक्त गर्नू भयो । अबदेखि नेपालीहरु चीन जानको लागि १ सय ५० दिनको म्यादमा भिषा प्राप्त गर्न सक्ने भएको उहाँको भनाई छ । मुस्ताङको उपल्लो भेग स्थित नेपाल र चीनबीचको सीमास्तम्भ (२४

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोरला नाकामा अध्यागमन कार्यालय सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक

मुस्ताङको उपल्लो भेग स्थित नेपाल र चीनबीचको सीमास्तम्भ(२४ नम्बर सीमास्तम्भ) रहेको कोरला नाकामा अध्यागमन कार्यालय सञ्चालनमा आएको छ।

कोरोला नाकामा यस अघि जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएका मुस्ताङवासीले मात्र व्यापारका लागि आवतजावत गर्दथे । कार्यालय सञ्चालनले अब भने यस नाकाबाट आवतजावत गर्न चाहने जोकोही नेपालीलाई सहज हुने विश्वास लिइएको छ।

कोरोला नाकामा नेपालले प्रिफ्याव प्रविधिको १० कोठे अध्यागमन तथा सुरक्षा पोष्ट स्थापना गरेको हो। अध्यागमन कार्यालय सञ्चालनको लागि सरकारले कोरला नाकासम्म विद्युत् प्राधिकरणको केन्द्रीय प्रशारण लाइनको विस्तार गर्नुका साथै नेपाल टेलिकमको इन्टरनेटसहित मोबाइलको सेवा पुऱ्याइसकेको छ।

कोरोला नाकामा चीनले



आफ्नोतर्फ भन्सार कार्यालयका साथै अन्य आवश्यक पूर्वाधार निर्माण गरिसकेको छ।

गृहमन्त्री रमेश लेखकले बुधबार कार्यालयको शुभारम्भ गर्दै अध्यागमन कार्यालय सञ्चालनसँगै चीनसँगको द्विपक्षीय सम्बन्ध अझै प्रगाढ बन्ने विश्वास व्यक्त गर्नुभयो।उहाँलेदुईदेशकानागरिक आवतजावतसँगै द्विपक्षीय व्यापार अभिवृद्धिका लागि अध्यागमन कार्यालय महत्वपूर्ण हुने छ भन्नुभयो । समुद्र सतहदेखि चार हजार छ सय ५० मिटर उचाइमा रहेको यो नाकाको गत वर्ष कात्तिक २७ गते चीनको सिगात्से प्रान्तको झोम्वा काउन्ट्रीका मेजेष्ट्री नुर्वु छिरिङ र मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले संयुक्त रूपमा उद्घाटन गरिएको थियो।

गण्डकी प्रदेशको उत्तरी भूभागमा अवस्थित कोरला नाका सञ्चालनमा आएसँगै प्रदेशकै दक्षिणी नाका भारतसँग जोडिने त्रिवेणी रहेका कारण व्यापार प्रवर्द्धन, पर्यटन विस्तार आदिका लागि यो बहुउपयोगी बन्ने विश्वास लिइएको छ। दुई ठूला छिमेकी राष्ट्रसँग जोडिएको गण्डकी प्रदेशको समृद्धिमा यो नाका सञ्चालन कोषे ढुङ्गा सावित हुने विश्वास लिइएको छ।


**हार्दिक शुभकामना**

शुभ दीपावली-२०८१ र नेपाल सम्वत् ११४५ को अवसरमा हामी हाम्रा समस्त पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पोखरापत्र राष्ट्रिय दैनिक परिवार

अबको अंक तिहारपछि मात्र प्रकाशित हुनेछ ।


## प्रकृति र संस्कृति पर्यटन विकासको आधार-नेता अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक

नेकपा (एमाले) स्थायी कमिटी सदस्य खगराज अधिकारीले प्रकृति र संस्कृति पर्यटन विकासको मुख्य आधार भएको बताउनु भएको छ।

नेकपा (एमाले) पोखरा १७ द्धारा आज आयोजित शुभकामना आदान प्रदान तथा चियापालन कार्यक्रममा बोल्दै उहाँले यस्ता आधारको उपयोग गर्दै समृद्धिसंग जोड्नु पर्ने बताउनुभयो। गण्डकी प्रदेशका निवर्तनमा मुख्यमन्त्री समेत रहनु भएका अधिकारले प्राकृति सम्पदान र मौलिक



संस्कृतिको संरक्षण तथा प्रचार प्रसारमा जोड दिँदै पर्यटकको आकर्षण बढाउनु पर्ने आवश्यकता औल्याउनुभयो । भ्रष्टाचारी र सहकारीको वचत अवचलन गर्ने कुनै पनि व्यक्ति एमाले हुन नसक्ने बताउदै नेता अधिकारीले भन्नुभयो,त्यस्ता व्यक्तिलाई सरकार र सडकबाट होईन संवैधानिक व्यवस्था अनुसार न्यायालयले टुङ्गो लगाउछ । एमाले पोखरा १७ कार्यवाहक वडाअध्यक्ष विक्रम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा वडा इन्चार्ज सुभाष ढुङ्गाना, नेपाली कांग्रेस वडा सभापति देवराज आचार्य लगायतले मुलुकको वर्तमान अवस्था र तिहारको महत्व माथि चर्चा गर्नुभएको थियो।

## सभापति देउवाद्वारा प्रतिष्ठानका १८ सदस्यलाई शपथग्रहण

**रासस**
काठमाडौं, १४ कार्तिक

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका नवनियुक्त १८ सदस्यलाई शपथग्रहण गराउनुभएको छ।

पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री देउवाले आज मनोनयन हुनुभएका १८ सदस्यलाई शपथग्रहण गराउनुभएको हो । कार्यक्रममा सभापति देउवाले उद्देश्यअनुरूप

बाँकी अन्तिम पृष्ठमा ▶▶


**चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं । हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।।**

**चाडपर्वमा अनावश्यक खर्च नगरौं। मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## सरकारी अस्पतालमा विद्युत् महसुल छुट दिने

**रासस**
काठमाडौं, १४ कार्तिक

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सरकारी अस्पताललाई विद्युत् महसुलमा २० प्रतिशत छुट दिने भएको छ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले बुधबार मन्त्रीस्तरीय निर्णय गर्दै सरकारी अस्पताललाई विद्युत् महसुलमा २० प्रतिशत छुट दिने निर्णय गर्नुभएको हो । नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल सङ्कलन विनियमावली २०७८ मा भएको सरकारी अस्पताल तथा स्वास्थ्य चौकीले पाउने विद्युत् महसुल छुटको व्यवस्थाअनुसार उहाँले उक्त निर्णय गर्नुभएको हो।

मन्त्रालयले सबै सरकारी अस्पतालमा समयमै महसुल भुक्तान गरेर छुट सुविधा लिन मातहतका संस्थामा पत्राचार गरेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । उहाँले समयमै महसुल भुक्तानी नहुँदा एकातिर लाइन काटिनेसम्मको समस्या हुने र जरिवानासमेत उच्च हुने तर २० दिनभित्रै भुक्तानी हुँदा ठूलो रकम बचत हुने भए पछि व्यवस्था मिलाउन निर्णय गरिएको बताउनुभयो।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बंगलादेशले जित्यो साफ महिला च्याम्पियनसिपको उपाधि

**रासस**
काठमाडौं, १४ कार्तिक

नेपाललाई पराजित गर्दै बङ्गलादेशले साफ महिला च्याम्पियनसिप-२०२४ को उपाधि जितेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधबार भएको फाइनल खेलमा बङ्गलादेशले नेपाललाई २-१ गोलअन्तरले हराउँदै उपाधि जितेको हो। यससँगै बङ्गलदेशले दोस्रो पटक साफ च्याम्पियनसिपको उपाधि जितेको छ। घरेलु मैदानमा भएको अघिल्लो संस्करणको खेलमा बङ्गलादेशले नेपाललाई ३-१ गोलअन्तरले हराउँदै उपाधि जितेको थियो। यसपटक पनि नेपालको उपाधि जित्ने सपना पुरा भएन। साफको सातौं संस्करणसम्म आइपुग्दा नेपाल उपविजेतामै सीमित बन्यो। हालसम्म साफ च्याम्पियनसिपको फाइनलमा नेपाल भारतसँग चार र बङ्गलादेशसँग दुई पटक पराजित भयो। निकै प्रतिस्पर्धात्मक बनेको खेलमा पहिलो अग्रता भने बङ्गलादेशले लियो। खेलको ५२औं मिनेटमा बङ्गलादेशकी खेलाडी मोनिका चक्माले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाएकी थिइन्।




खेलको ५६औं मिनेटमा नेपालले बराबरी गोल फर्कायो। नेपालकी अमिशा कार्कीले गोल गर्दै खेललाई १-१ गोलको बराबरी ल्याइन्। खेलको ८१औं मिनेटमा बङ्गलादेशले अग्रता दोब्बर बनायो। बङ्गलादेशकी रितु पोर्ना चक्माले गोल गर्दै अग्रता दोब्बर बनाइन्। त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः उपाधि बङ्गदेशको पोल्टामा पुग्यो।

# नेपाल मगर सङ्घ नयाँ बजार समिति बन्यो देउसी भैलो च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक



पोखरा टेलिभिजन एन्ड मिडिया प्रा.लिले आयोजना गरेको गण्डकी प्रदेश स्तरीय दोस्रो मौलिक तिहार उत्सव सम्पन्न भएको छ।

उत्सवमा भएको देउसी भैलो प्रतियोगितामा नेपाल मगर सङ्घ पोखरा नयाँ बजार समिति च्याम्पियन बनेको छ। मगर, गुरुङ, ब्रामण, क्षेत्री, गन्धर्व समुदाय बिच भएको प्रतियोगितामा नेपाल मगरसंघ नयाँ बजारले अवार्ड जितेको हो।

च्याम्पियन बनेको समूहलाई निर्णायक संयोजक प्रजापति पराजुली,पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल,कलाकार तारापति सुवेदी , कलाकार सरला पाण्डे, पोखरा टेलिभिजनका प्रबन्ध निर्देशक माधव पनेरु,कार्यक्रम संयोजक घनश्यामपाण्डेयलगायतच्याम्पियन अवार्ड, चेक, प्रमाण पत्र हस्तान्तरण गर्नु भएको थियो ।प्रतियोगितामा सहभागी सबै समूहलाई टेलिभिजनले नगद ५ हजार र प्रमाण पत्र प्रदान गरेको थियो ।देउसी भैलो प्रदर्शनमा नेपाल मगर सङ्घ इकाई समिति राम बजार,राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान, गण्डकी प्रदेश , क्षत्री समाज पोखरा महानगर समिति , गन्धर्व आमा समूह पोखरा १६ बाटुले चौर ,नेपाल मगर सङ्घ नयाँ बजार समिति पोखरा ८ , सिद्धार्थ तमु समाज,पोखरा ,गन्धर्व सारङी संरक्षण पाठशाला, पोखरा २५ हेम्जाको समूहले आआफ्ना देउसी भैलो प्रस्तुत गरेका थिए ।कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले नेपालीहरूको संस्कृति संरक्षण यस्ता उत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। पर्यटनको लागि संस्कृति र प्रकृति महत्त्वपूर्ण रहेको बताउनु भयो ।मन्त्रालय संस्कृति संरक्षणको लागि मन्त्रालयबाट पनि कार्यक्रम राख्ने गरेको बताउनु भयो। पोखरा महानगरपालिका मेयर धनराज आचार्यले संस्कृति संरक्षणको लागि सबै लाग्नुपर्ने बताउनु भयो। उहाँले डिजिटल प्लेट फममा हुने हुँदा पछि सम्म पनि यसको महत्त्व हुने बताउनु भयो। गण्डकी प्रदेशका प्रेस रजिस्ट्रार विमला भण्डारीले सञ्चार माध्यमले समाचार मात्रै नभएर संस्कृति संरक्षणमा लाग्नु पर्ने भन्दै पोखरा टेलिभिजन गत वर्षबाट सुरु गरेको कार्यक्रमलाई निरन्तरता दिनु पर्ने बताउनु भयो। उहाँले आगामी दिन खुल्ला ठाउँमा प्रतियोगिता गर्न पनि सुझाव दिनु भयो ।कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्र् प्रमुख नवीन पोखरेलले सञ्चार माध्यमले संस्कृति संरक्षणमा लाग्दा बढी प्रभावकारी बन्ने बताउनु भयो।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी ,टान अध्यक्ष कृष्ण आचार्य ,पृथ्वी होटेल व्यवसायी समितिका अध्यक्ष अमृत घिमिरे सहित विभिन्न सङ्घ संस्था प्रमुख एव प्रतिनिधिहरूको सहभागिता रहेको थियो कार्यक्रम १५ देश भन्दा धेरै देशका विदेशी पर्यटकहरूको पनि सहभागिता रहेको थियो। कार्यक्रम संयोजक घनश्याम पाण्डेयले सञ्चालन गरेको कार्यक्रम पोखरा टेलिभिजनका प्रबन्ध निर्देशक माधव पनेरुको अध्यक्षतामा भएको थियो। कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र पोखरा महानगर पालिका प्रर्बर्दक रहेको थियो भने रिसोर्ट पार्टनरमा माउन्ट कैलाश रिसोर्ट हस्पिटल पार्टनरमा मणिपाल शिक्षण अस्पताल रहेको थियो।

कार्यक्रमलाई सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय ,उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार र गण्डकी प्रज्ञा प्रतिष्ठान ,पोखरा प्रज्ञा प्रतिष्ठान ,गण्डकी प्रदेशकाका विभिन्न नगरपालिका ,गाउँपालिका र पोखरा महानगरको केही वडा सहित दर्पण मोही लगायत अन्य सङ्घ संस्थाको साथ मिलेको टेलिभिजनले जनाएको छ।

# नेचुङमा बीओपी भवन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ कार्तिक

चीनको सिमानामा रहेको मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित कोरला नाका नजिकैको नेचुङमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (बीओपी) भवन निर्माण भएको छ।

कोरला नाकाको सीमा सुरक्षा, सम्भावित अपराध नियन्त्रण र स्थानीय जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन विंस २०७७ जेठमा स्थापना भएको बीओपी भन्सार कार्यालयको भवनबाट सञ्चालन हुँदै आएको थियो। दुई तला ४२ कोठा रहेको भवनको कोठालाई न्यानो बनाउन पार्केटिङका साथै भित्तामा काठ राखिएको मुस्ताङस्थित सशस्त्र प्रहरी बल नेपालको ३३ नम्बर गुल्मका प्रमुख सहायक प्रहरी नायव उपरीक्षक मणिकर्ण राईले बताउनुभयो।

“चिसो हावापानी हुने नेचुङको बिओपीको नयाँ भवन बनेपछि सुरक्षाकर्मीको बसाई व्यवस्थापन, कार्यालय सञ्चालन सहज हुनुका साथै मनोबल उच्च भएको छ”, उहाँले भन्नुभयो, “छिट्टैनै भवनको उद्घाटन गरेर भवन प्रयोगमा ल्याउने तयारीमा छौ ।” कोरला नाकादेखि १२ किलोमिटर तल नेचुङमा हिउँदमा स्थानीयबासीहरु जाडो छल्ने बेशी झर्ने भएकाले सुरक्षाकर्मी मात्रै हुन्छन् । नेचुङमा प्रहरी निरीक्षकको नेतृत्वमा ४६ जनाको सुरक्षाकर्मीको टोली छन्।

बीओपीका लागि सरकारले उपलब्ध गराएको ३३ रोपनी क्षेत्रफलको जग्गाभित्र निर्माण भएको उक्त भवन बनाउन सशस्त्र प्रहरीको केन्द्रीय कार्यालयले विंस २०७७ कात्तिकमा रु पाँच करोड ६५ लाखमा ठेक्का सम्झौता गरेको थियो। यसैबीच कोरला नाकामा अध्यागमन कार्यालयको पनि स्थापना भएको छ। गण्डकी प्रदेश सरकारको रु ५० लाख बजेटबाट गत आर्थिक वर्षमा सुरक्षाकर्मीहरुको आपतकालिन आश्रयका लागि निर्माण भएको भवनमा अध्यागमनको कार्यालय स्थापना भएको हो।

बुधबारदेखि औपचारिक रुपमा सञ्चालन हुने अध्यागमन कार्यालय स्थापना भएपछि आवतजावत र अन्तरदेशीय व्यापारमा सहज हुने मुस्ताङका गण्डकी प्रदेशसभा सदस्य बिकल शेरचनले बताउनुभयो। भिसाका लागि पोखरा, काठमाडौँ जानु नपर्ने, सीमामा नेपाली सुरक्षा निकाय र कर्मचारीको नियमित उपस्थिति हुने भएको छ। २०८० कात्तिक २७ गतेदेखि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दाले प्रस्थान अनुमति पत्रको आधारमा कोरला नाकाबाट चिनियाँ बजारमा जाने आउने गर्दै आएका छन् । मुस्ताङका सबै पालिकाबासीलाई प्रस्थान अनुमतिपत्र प्रदान गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

# सभापति ...

सक्रिय र इमान्दार भई कार्यसम्पादन गर्न प्रतिष्ठानका पदाधिकारी एवं सदस्यलाई निर्देशन दिनुभयो।

शपथ ग्रहणपछि बुधबारनै पार्टी उपसभापति तथा प्रतिष्ठानका प्रमुख पूर्णबहादुर खड्काको सभापतित्वमा प्रतिष्ठान कार्यसमितिको पहिलो बैठक पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको छ। बैठकमा प्रतिष्ठान प्रमुख एवं उपसभापति खड्काले जिम्मेवारी ग्रहण गरिसकेपछि आत्म अनुशासनमा बस्न ध्यानाकर्षण गराउँदै पार्टीलाई सङ्गठित, अनुशासित बनाउँदै समयसापेक्ष नीति तथा कार्यक्रम बनाउने, विभिन्न विषयमा अनुसन्धान गर्ने र प्रशिक्षणलाई पार्टीको विभिन्न तहमा अभियानका रुपमा सञ्चालन गर्ने दायित्व प्रतिष्ठानमा रहेको विषयलाई जोड दिनुभएको थियो।

बैठकले प्रतिष्ठानमा हाल उपलब्ध प्रशिक्षण पाठ्यसामग्रीलाई परिमार्जन गरी आगामी कात्तिक २६ गतेभित्र प्रतिष्ठान प्रमुखलाई प्रतिवेदन बुझाउने गरी कार्यसम्पादन गर्ने निर्णय गरेको छ। उक्त प्रयोजनका लागि आवश्यक परामर्श गरी तत्काल उपसमिति गठन गर्ने जिम्मेवारी प्रतिष्ठान प्रमुखलाई दिएको छ। बैठकमा प्रतिष्ठानले अहिलेसम्म गरेका कामको समीक्षा गर्दै नीति, अनुसन्धान र प्रशिक्षण क्षेत्रलगायत विविध विषयमा छलफल भएको थियो। बुधबारको बैठकमा प्रतिष्ठानका सदस्यहरू कविराज पण्डित, डा जगदीशचन्द्र पोखरेल, छन्दबहादुर पहराई, विजुला वर्मा, बलदेव तिमिल्सिना, डा कृष्णप्रसाद पौडेल, भरतप्रसाईं, इञ्जिनियर कमल कार्की, प्रताप पौडेल र भवानी शर्माले आ-आफ्ना विचार राख्नुभएको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

# तिहार विशेष मौसम बुलेटिन, झरी पर्ने देखिँदैन

**रासस**
काठमाडौं, १४ कार्तिक

जल तथामौसम विज्ञान विभागले बुधबार तिहार लक्षित विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै भारी वर्षा एवं झरी नपर्ने बताएको छ।

सार्वजनिक बुलेटिनअनुसार यस वर्ष तिहारको चतुर्दशी (१५ गते), औंसी (१६ गते), प्रतिपदा (१७ गते) र द्वितीया (१८ गते भाइटीका) का दिनहरूमा देशको कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही थोरै स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्का वर्षाको सम्भावना रहने उल्लेख छ।

बुलेटिनमा बाँकी भू-भागमा मौसम मूख्यतया सफा रहने देखिएको विभागले जानकारी गराएको छ। बुलेटिनमा देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्का हिमपातको सम्भावना रहेको जनाइएको छ। उक्त दिनहरूमा अधिकांश स्थानहरूमा अधिकतम तथा न्यूनतम तापक्रम घट्दो क्रममा रहने सम्भावना विभागले जनाएको छ। विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालले बदली हुने बादलहरू लाग्ने देखिए पनि ठूलो झरीको सम्भावना भने नदेखिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “ती प्रदेशका केही ठाउँमा हल्का बदली हुने, बादल लाग्ने, हल्कादेखि मध्यम वर्षा हुने सम्भावना देखिन्छ, पहाडी भूभागका एक/दुई स्थानमा मध्यमसम्म पनि वर्षा हुनसक्छ कि भन्ने जस्तो छ तर सोचेभन्दा कम पानी पर्ने देखिन्छ ।” मौसमविद् अर्यालका अनुसार ठूलो झरी नै पर्ने खालको अवस्था छैन । पानी कम पर्ने अवस्था रहेको अहिलेसम्मको मोडलले देखाएछ। उहाँले तीनदिने मौसम बुलेटिन दैनिक सार्वजनिक हुने भएकाले कुनै नयाँ अवस्था सिर्जना भएमा नियमित रुपमा सार्वजनिक हुने पनि जानकारी दिनुभयो।

विभागले मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिने ३ दिने मौसम पूर्वानुमान बुलेटिनमा मौसमसम्बन्धी अद्यावधिक जानकारी हुने भएकाले महाशाखाको वेबसाइट हेर्नसमेत अनुरोध गरेको छ।

# कांग्रेस ...

नम्बर सीमास्तम्भ) रहेको कोरला नाकामा अध्यागमन कार्यालयको उद्घाटन गर्न मुस्ताङ पुग्नु भएको गृहमन्त्री लेखक हेलिकोप्टर मार्फत पोखरामा करिब ४ घण्टा ढिलो आएसंगै समयले गर्दा निकै ढिला भएकोमा क्षमा माग्दै कार्यक्रम स्थलमा प्रबेश गर्नु भएको थियो।

कोरोला नाकामा यस अघि जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएका मुस्ताङवासीले मात्र व्यापारका लागि आवतजावत पाउनु हुन्थ्यो तर कार्यालय सञ्चालनले अब भने यस नाकाबाट आवतजावत गर्न चाहने जोकोही नेपालीलाई सहज हुने भएको छ। कोरोला नाकामा नेपालले प्रिफ्याव प्रविधिको १० कोठे अध्यागमन तथा सुरक्षा पोष्ट स्थापना गरेको हो। अध्यागमन कार्यालय सञ्चालनको लागि सरकारले कोरला नाकासम्म विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइनको विस्तार गर्नुका साथै नेपाल टेलिकमको इन्टरनेट सहित मोबाइलको सेवा पुऱ्याइसकेको छ। कोरोला नाकामा चीनले आफ्नोतर्फ भन्सार कार्यालयका साथै अन्य आवश्यक पूर्वाधार निर्माण गरिसकेको छ।

गृहमन्त्री रमेश लेखकले आज कार्यालयको शुभारम्भ गर्दै अध्यागमनकार्यालयसञ्चालनसँगै चीनसँगको द्विपक्षीय सम्बन्ध अझै प्रगाढ बन्ने विश्वास व्यक्त गर्नु भयो।


पत्रकार भेटघाट कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेशका सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थपा, प्रदेश सांसद सरस्वती गुरुङ लगायतको उपस्थिति रहेको यूनियन कास्कीका अध्यक्ष बासु मिश्रले बताउनु भयो।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

**सम्पादकीय**

# दीपावलीको शुभकामना

नेपालीहरुको ठूलो चाड दीपावली (तिहार) शुरु भएको छ । नेपालमा तिहार हिन्दु मात्र होइन धेरैजसो नेपालीले मनाउने गर्दछन । तिहारमा सन्देशबाहक काग, घरको रक्षक कुकुरका साथै गाई गोरु र गोबरको पूजा गरिन्छ । पशुपंक्षी र जनावरको समेत पुजा गरेर प्रकृतिसंगको सम्बन्ध तिहार हो । धनकी देवी लक्ष्मीको पूजा गर्दा धनधान्य हुने विश्वास गरिन्छ । तिहारलाई फूलको चाड पनि भन्ने गरिन्छ । यस पटकबाट केहि पालिकाहरुले स्वदेशी फूल र मालाको प्रयोग गर्न जोड दिएका छन् । किसानका उत्पादन खेरा जान नदिन यो राम्रो उपाय हो । तिहार उज्यालोको पर्व पनि हो । पाँच दिनसम्म घर झिलिमिली पारेर उज्यालो बनाईन्छ । अहिले बजारमा जतातत‍ै उज्यालो बनाएर सबैले मनाउने चाडको रुपमा बिकास हुदै गएको छ । तिहारमा दिदीबहिनीहरुले दाजुभाइलाई सप्तरंगी टिका र माला लगाएर दिर्घायूको कामना गर्दछन् । तिहार दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर पनि हो ।

नेपालमा हिन्दुहरुले मान्ने चाड अन्यत्रको भन्दा फरक तरिकाले मनाइन्छ । मौलिक चाड तिहारको पाँच दिन घरको ढोकामा तेल हाल्ने र साझ दियो बत्ती बालेर झिलीमिली बनाउने गरिन्छ । तिहारमा साथीसँगी मिलेर देउसी भैलो खेल्ने गरिन्छ । तिहारको बेलामा देउसी भैलो खेलेर रकम संकलन गर्ने उपयुक्त मौका पनि हो । विगतमा संघसंस्था, क्लब, आमा समूह, राजनैतिक पार्टी र तिनका भातृसंस्था सबैले तिहारमा देउसी भैलो खेलेर रकम संकलन गर्ने गरेका थिए । देउसी भैलोको मौलिक र सांस्कृतिक पक्ष हराउँदै जाने र पश्चिमा संस्कृतिको अन्धानुसरण गर्ने चलन बढेर गएको छ । चाडपर्व भनेको घरपरिवारका सबै मिलेर रमाइलो बनाउने हो । चाडपर्व हो केही हुदैन भन्ने हेलचक्र्याई गर्ने अवस्था छैन । सरकारले देउसी भैलो राति खेल्न आग्रह गरेको छ ।

पटका नपट्काउन, जुवातास खेल्न रोक लगाएको छ । कानुनले रोक लगाएको मात्र होइन समाजलाई बर्वाद पार्ने काम नियन्त्रण गर्न सरकारले जारी गरेको आदेश पालना गर्नु सचेत नागरिकको कर्तव्य हो । त्यस्तै पटका, भुइँचम्पा पड्काएर आतंकित पार्ने काम शहर वजारमा बढी हुने गरेको छ । प्रहरीले अवैध रुपले ल्याईएका त्यस्ता पटका र बिस्फोटक पदार्थ समातेको यदाकदा समाचार पनि आउने गरेका छन् । तर रोकिने भन्दा भित्रिने बढी हुने गरेको भान परेको छ । त्यसवाट आगलागी हुने र शरिर नै अंगभंग हुने किसिमका गतिविधि पनि शहरी क्षेत्रमा बढ्दै गएका छन् । यसलाई नरोकेसम्म रमाइलोको बेला नरमाईलो भईरहने छ ।

तिहारकै बेला नेवार सम्प्रदायले आत्मसुद्धि गर्ने, म्ह पूजा गर्ने र नयाँ वर्ष नेपाल सम्वत् मनाउने गर्दछ । नेपाल सम्वत्को महत्व संखधर शाख्वाले काठमाडौंवासीको ऋण तिरिदिएको हुँदा उनैलाई सम्झने दिन पनि नेपाल सम्वत् हो । नेपालको आफ्नै मौलिक सम्वत् पनि तिहारकै बेलाबाट शुरु हुने हुँदा नेपाल सम्वत ११४५ को शुभकामना । तिहारलाई सबैले स्वास्थ्य सुरक्षा पालना गरेर खुशी र रमाइलोसँग मनाउन सकौं हामी हाम्रा पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा देशविदेशमा रहनु भएका सबै नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चारवटा गैँडा मृत भेटिए

**रासस**
चितवन, १४ कार्तिक

चितवन राष्ट्रिय निकुञ्ज र आसपासको क्षेत्रमा चाडपर्वको समयमा चारवटा गैँडा मृत भेटिएका छन् । कात्तिक १ गतेदेखि आजसम्म निकुञ्जका विभिन्न क्षेत्रमा ती गैँडा मृत भेटिएका निकुञ्जले जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार नवलपुरको मध्यविन्दु नगरपालिका-दाउन्नेदेवी मध्यवर्ती सामुदायिक वनमा अन्दाजी २० वर्षको पोथी गैँडा कात्तिक ५ गते मृत अवस्थामा भेटिएको जानकारी दिनुभयो । अनुसन्धानपछि उक्त गैँडा कालगतिले मरेको पाइएको उहाँले बताउनुभयो । कात्तिक ६ गते निकुञ्जको कलकत्ता टापुमा एउटा बच्चा र एउटा वयस्क गैँडा सडेगलेको अवस्थामा र कात्तिक १३ गते अन्दाजी २५ वर्षको पोथी गैँडा निकुञ्जको भिम्ले पोष्ट नजिक मृत अवस्थामा भेटिएको उहाँले बताउनुभयो । उक्त पोथी गैँडा दलदलमा फसेर मरेको अनुसन्धानबाट खुलेको उहाँले जानकारी दिनुभयो ।

"चालु आर्थिक वर्षको साउनदेखि असोजसम्म छवटा गैँडा मरेका छन् । तीमध्ये एउटा करेन्ट लागेर र अन्य प्राकृतिक कारणले मरेका हुन् । यीसहित चालु आवको हालसम्म मात्र मृत भेटिएका गैँडाको सङ्ख्या १० पुगेको छ", सूचना अधकारी मगरले भन्नुभयो । यसैबीच, निकुञ्ज र मध्यवर्ती क्षेत्रमा विभिन्न गतिविधि गर्ने १० जनालाई पक्राउ गरिएको निकुञ्ज कार्यालयले जनाएको छ । निकुञ्जले कात्तिक १ गतेदेखि हालसम्म उनीहरूलाई पक्राउ गरी कारबाही गरेको हो ।

# धार्मिक पर्यटकको नयाँ गन्तव्य सराङकोटको पञ्चमुखी गणेश मूर्ति

**जमुना वर्षा शर्मा**
पोखरा, १४ कार्तिक

हिमशृङ्खला र सूर्योदयको मनमोहक दृश्यले वर्षौंदेखि पर्यटकलाई आकर्षित गर्दै आएको पोखरा-१८ स्थित सराङकोट अब नयाँ धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदैछ । उक्त क्षेत्रमा निर्माणाधीन ६१ फिट अग्लो पञ्चमुखी गणेश मूर्तिले पर्यटन प्रवर्द्धनमा नयाँ आकर्षण थप्न थालेको हो । अन्नपूर्ण, धवलागिरि र माछापुच्छ्रे हिमालको दृश्यावलोकन तथा सूर्योदय र सूर्यास्तको दृश्यमा रमाउने पर्यटकका लागि सराङकोट विशेष गन्तव्य हो । पछिल्ला दिनमा थपिएका पूर्वाधार र धार्मिक संरचनाले प्राकृतिक सौन्दर्यसँगै धार्मिक पर्यटकलाई लोभ्याएको छ । सराङकोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समितिले ५६ रोपनी जमिनमा उक्त पूर्वाधार बनाइएको हो । रु ४० करोड लगानीमा बृहत् सराङकोट धार्मिक पर्यटन गुरुयोजनामा निर्माण भइरहेको समितिका अध्यक्ष प्रेमबहादुर जिसीले जानकारी दिनुभयो । समितिले गुरुयोजना सफल बनाउन र आर्थिक स्रोतका लागि विभिन्न समयमा पाँच महायज्ञ लगाएर रु सात करोड आर्थिक स्रोत जुटाउन सफल भएको थियो । तीनै तहका सरकारको रु चार करोड ५० लाख लगानी यस क्षेत्रमा भएको छ । पोखरा महानगरले मात्र रु तीन करोड बढी सहयोग गरेको छ । व्यावसायिक प्रतिष्ठान, सङ्घसंस्था, स्थानीयको सहयोग उत्तिकै जारी रहेको छ । निर्माण भइरहेको गणेश मूर्तिका लागि निर्माण संयोजक रहनुभएका अन्नपूर्ण केबलकारका अध्यक्ष कालु गुरुङले आर्थिक स्रोत जुटाएर निर्माणकार्य अगाडि बढाउनुभएको छ । रु सात करोडमा गणेश मूर्ति र सहस्रधारा निर्माणमा खर्च हुने अनुमान गरिएको छ ।

हालसम्म यहाँको पूर्वाधारमा रु २२ करोड बढी लगानी भइसकेको छ । मूर्तिको संरचना दक्षिण भारतीय कालिगढहरूद्वारा निर्माण गरिएको हो । उक्त क्षेत्रमा गणेश मूर्तिसँगै कैलाशेश्वर शिवमन्दिर, एक सय आठ शिवलिङ्ग, सहस्रधारा, भैरव मन्दिर, चण्डीमन्दिर, भीमकाली मन्दिर, धार्मिक सभाहल, ऐतिहासिक प्रवेशद्वार, व्यवस्थित शौचालय, एक भ्यूटावर रहेका छन् । जिसीका अनुसार सराङकोटको नामाकरण शाहवंशीय राजाले हतियार भण्डारण गर्ने ठाउँका रूपमा प्रयोग गरेको ऐतिहासिक पृष्ठभूमिसँग सम्बन्धित छ । यसैगरी तत्कालीन सेना र प्रहरीले त्यहाँ सराङ खेलको तालिम लिने भएकाले यस स्थानलाई सराङकोट भनिन थालियो । समितिका सदस्य कृष्ण थापाले ऐतिहासिक र धार्मिक महत्व बोकेको यस क्षेत्रका निर्माणाधीन पूर्वाधारले पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "भूमेकाली मन्दिरको पौराणिक धार्मिक महत्वले यहाँ धेरै भक्तजनलाई आकर्षित गर्दै आएको छ, विशेषगरी पोखरा र आसपासका क्षेत्रबाट दर्शन गर्न भक्तजन आउँछन्, अहिले शिव र गणेश मन्दिरको निर्माणले हिन्दू धर्मावलम्बीका लागि थप आस्था र आकर्षण थप्नेछ ।" पर्यटकीय आकर्षण सराङकोट पोखरा आउने पर्यटकको पहिलो रोजाइमा पर्ने उहाँले बताउनुभयो । विभिन्न सङ्घसंस्थाको समन्वयमा कार्यान्वयन भएको यस परियोजनालाई 'शिव पञ्चमुखी गणेशधाम' भनेर नामकरण गरिनेछ, जसले धार्मिक र सांस्कृतिक पर्यटनको नयाँ गन्तव्यका रूपमा यस क्षेत्रलाई स्थापित गर्ने लक्ष्य राखेको छ । देशमा पहिलोपटक निर्माण भइरहेको पञ्चमुखी गणेश मूर्तिले धार्मिक पर्यटनमा नयाँ अवसर सृजना गर्दै पोखराको पर्यटनमा नयाँ अध्याय थप्ने विश्वास व्यक्त गर्नुहुन्छ सनातन धर्म सेवा समितिका अध्यक्ष रवीन्द्र माकाजु । "प्राकृतिक सौन्दर्य, साहसिक पर्यटन र धार्मिक आस्थाको सङ्गमका रूपमा रहेको सराङकोट भारतलगायत अन्य देशका हिन्दू तीर्थयात्रीका लागि आकर्षक गन्तव्य हुनसक्छ", अध्यक्ष माकाजुले भन्नुभयो ।

हिन्दू धर्ममा विशेषगरी पञ्चमुखी गणेशको दर्शनले विघ्नबाधा हटाई समृद्धि र सिद्धी प्राप्त हुने विश्वास रहेको र दक्षिण भारतीय पर्यटकबीच गणेश भगवान्को ठूलो आस्था भएकाले यसको प्रचारप्रसारमा पनि जोड दिनुपर्ने उहाँको सुझाव छ । यस क्षेत्रमा विस्तार भएका पूर्वाधारले पोखरा र सराङकोटका पर्यटन प्रवर्द्धनलाई सघाउ पुर्‍याउने विश्वास व्यक्त गर्नुहुन्छ सराङकोट माउण्टेन लजका कार्यकारी निर्देशक एवं नेपाल पर्यटन बोर्डका पूर्वसदस्य विप्लव पौडेल । उहाँ भन्नुहुन्छ, "सराङकोट आफैमा पर्यटकीय गन्तब्य हो, पछिल्लो समय शिव मन्दिर, गणेश मूर्ती लगायतकापुर्वाधारहरुले यहाँको पर्यटनलाई थप चलायमान बनाउने आशा गर्न सकिन्छ", कार्यकारी निर्देशक पौडेलले भन्नुभयो, "पर्यटनको प्रवर्द्धनले स्थानीय व्यवसायमा प्रभाव पार्ने र विशेषगरी होटल र होमस्टे व्यवसायको विस्तार गर्न पनि यसले थप अवसर सृजना गर्दछ ।" उहाँले विकाससँगै आउने चुनौतीहरूका विषयमा पनि ध्यान दिन आग्रह गर्नुभयो । "धार्मिक पर्यटकलाई आकर्षित गर्ने पूर्वाधारको दिगो व्यवस्थापन र संरक्षण हुनुपर्छ, वातावरणीय संरक्षण र व्यवस्थित यातायातमा पनि उत्तिकै ध्यान दिन जरुरी छ ।" पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले धार्मिक र आध्यात्मिक पूर्वाधारमार्फत पोखरालाई बहुआयामिक पर्यटन थलोका रूपमा विकास गर्न पहल भइरहेको बताउनुभयो । "हिमालय शृङ्खला, फेवाताल, र पोखरा उपत्यकाको अनुपम दृश्यले आकर्षित गर्ने यस क्षेत्रले पछिल्लो समय पञ्चमुखी गणेश मूर्ति, शिवमन्दिर र भ्यूटावरजस्ता संरचनाको विकाससँगै पर्यटकीय महत्व थप्दैछ", सराङकोट केवल सूर्योदय अवलोकनको गन्तव्यमात्र नभई धार्मिक र सांस्कृतिक पर्यटनको केन्द्र बन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो । उहाँले सराङकोटको प्राकृतिक सौन्दर्य, धार्मिक, ऐतिहासिक सांस्कृतिक धरोहरको संयोजनले दिगो पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । "हिमालको मनोरम दृश्यसँगै धार्मिकस्थलहरूको दर्शनले पर्यटकलाई नयाँ अनुभव दिलाउने र पोखरामा उनीहरूको बसाइ लम्ब्याउन सहयोग पुग्नेछ ।" पर्यटकीयराजधानीकारूपमापरिचित पोखरामा नयाँ गन्तव्यको विकास अत्यावश्यक भएको उल्लेख गर्दै आचार्यले महानगरपालिकाले यस अभियानमा निरन्तर लगानी गरिरहेको जानकारी दिनुभयो । सराङकोट क्षेत्रमा मात्र महानगरले रु तीन करोडभन्दा बढी लगानी गरिसकेको उहाँले बताउनुभयो ।

# बेनी-दरबाङ हुँदै ढोरपाटन सिकार आरक्ष

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ कार्तिक

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनलाई म्याग्दीबाट जोड्न थालिएको छ । म्याग्दीको सदरमुकाम बेनी बजारदेखि दरबाङ-मुना-मरेनीदेखि पातीहाल्ना हुँदै ढोरपाटन जलजला जोड्न थालिएको हो ।

बागलुङतर्फबाट एक दशकअगाडि नै ढोरपाटन जोडिए पनि म्याग्दीबाट अझै १० किलोमिटर 'ट्र्याक' खुलाउन बाँकी रहेको छ । विसं २०६७ मा दरबाङबाट सुरु भएको सडकको ट्र्याकले अझै पूर्णता पाएको छैन । सङ्घीय सरकारले उक्त सडकका लागि यस वर्ष पनि बजेट विनियोजन गरेको छ ।

सडक डिभिजन कार्यालय बागलुङमार्फत सडकको काम सुरु हुन थालेको हो । उक्त सडकको ट्र्याक खोल्नका लागि सङ्घीय सरकारले यस वर्ष रु पाँच करोड विनियोजन गरेको सडक डिभिजन कार्यालय बागलुङका इन्जिनियर अमर अधिकारीले जानकारी दिनुभयो । गत वर्ष पनि रु दुई करोड विनयोजन भएको हुँदा उक्त बजेटले पाँच किलोमिटर सडक खुलाएको उहाँको भनाइ छ । यस वर्ष ढोरपाटनसम्मै सडक पुर्‍याउनका लागि ठेक्का प्रक्रिया अगाडि बढेको अधिकारी बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "गत वर्ष पनि त्यो सडकमा हामीहरूले काम गरेका थियौँ, यस वर्ष पनि बजेट आएको छ, भौगोलिक कठिनाइका कारण अहिलेसम्म ढोरपाटन जोड्न सकिएको छैन, चालु आर्थिक वर्षको बजेटले पनि भ्याउँछ कि भ्याउँदैन, ठेक्का प्रक्रिया अगाडि बढेको छ, पोहोर साल झन्डै पाँच किलोमिटर सडकको ट्र्याक खुलाएका थियौँ, यस वर्ष पनि अब केही दिनमा काम सुरु गर्छौं ।" धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगरले धवलागिरि-२ मरेनीदेखि पातीहाल्नेसम्मको १० किलोमिटर ट्र्याक खुलेपछि ढोरपाटन जोडिने बताउनुभयो । म्याग्दी सदरमुकाम बेनी बजारदेखि पातीहाल्नासम्म ८६ किलोमिटर दूरी रहेकामा हालसम्म करिब ७६ किलोमिटर सडक खुलेको उहाँको भनाइ छ ।

यो सडक 'पर्यटकीय सडक' हुने निश्चित रहेको भन्दै काठमाडौँ, पोखरा लगायतका सहरदेखि ढोरपाटन पुग्ने पर्यटकलाई छोटो पर्ने उपाध्यक्ष पुन बताउनुहुन्छ ।

"यो सडक निर्माण गर्न थालेको धेरै समय भयो, सडक खुलेर ढोरपाटनदेखि यातायात सञ्चालन हुन थाले भने म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका नागरिकलाई यातायातमा सहज हुने नै भयो", पुनले भन्नुभयो, "त्यसका साथै म्याग्दी हुँदै ढोरपाटन पुग्ने पर्यटकलाई पनि धेरै छिटो हुने थियो, सडक सञ्चालनमा आयो भने ढोरपाटनमा ठूलो सङ्ख्यामा पर्यटक बढ्ने सम्भावना छ ।"



## Gandaki College of Engineering and Science

**Lamachaur, Pokhara**

Phone: 061-443866, Web: www.gces.edu.np

Email: gces@gces.edu.np

## Vacancy Announcement

(First Publication Date: 2081/07/14)

Gandaki College of Engineering and Science (GCES), a prominent not-for-profit institution, is managed by the Gandaki Public Education Trust. Since its establishment in 1998, the college has consistently delivered high-quality engineering education, particularly in the field of Information and Communication Technology (ICT).

GCES is now inviting applications for the following permanent position:

| Position | No. of Position | Minimum Academic Qualification |
|---|---|---|
| Campus Management & System Administrator (Officer Level 7) | 1 | A minimum of Bachelors of Engineering in Computer/ Software Engineering or equivalent. Candidates having Master's degree in Management with experience in similar position of college administration will be an added advantage. |

**1. Application Form Fee:**

- The application form fee of Rs 2000.00 (Two thousand only) can be paid to Account No. 1320082930200012 at Machhapuchhre Bank in the name of Gandaki College of Engineering and Science.

**2. Application Forms:**

- Application forms are available either from the college office or can be downloaded from the college website: www.gces.edu.np.
- Along with the application form, candidates need to submit their curriculum vitae, academic certificates and other necessary documents.
- The submission should be made to the college office along with a cash deposit voucher within 15 days from the first publication date of this notice.

**3. Selection Process:**

- The selection process consists of a written exam, practical and an interview.
- The evaluation procedure will follow the guidelines of the Pokhara University Service Commission's Procedure for Staff 2057 (amended 2079).

For further details, you can visit the official website of Gandaki College of Engineering and Science: www.gces.edu.np.

*(The college reserves its right for the selection process.)*

**Principal**

# तनहुँको सयपत्री कतार निर्यात

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ कार्तिक

आँबुखैरेनी गाउँपालिका-१ याञ्चोकटारमा उत्पादित सयपत्री फूल कतार निर्यात भएको छ । पहिलो चरणमा 'ए ग्रेड' गरिएका एक सय ५० किलो सयपत्री दोहा पठाइएको हो ।

कृषि प्राविधिकले ग्रेडिङ गरेपछि फूल निर्यात गरिएको याञ्चोकटार महिलाहरुलाई फूल टिप्न व्यस्त छन् । समूहकी अध्यक्ष सुन्तली गुरुङसहित समूहमा आबद्ध ७० जना महिला माला गाँस्न व्यस्त हुनुहुन्छ । समूहले गतवर्षदेखि सयपत्री कतार निकासी गर्न थालेको हो । गतवर्ष दुई लाख पचास बराबरको सयपत्री निकासी गरिएको जानकारी दिँदै अध्यक्ष गुरुङले यो वर्ष रु ८ लाख बराबरको फूल निर्यात गर्ने लक्ष्य रहेको बताउनुभयो ।

आँधीमूल महिला समूह र याञ्चोक महिला समूह एकआपसमा गाभिएर फूलखेती प्रारम्भ भएको हो । गाउँपालिकाले ८५ प्रतिशत अनुदानमा बीउ उपलब्ध गराए पछि महिलाहरु व्यावसायिक फूलखेतीतर्फ आकर्षित भएका आँबुखैरेनी गाउँपालिका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो ।

समूहले उत्पादन गरेका फूलको बजार व्यवस्थापनमा गाउँपालिका कार्यालयले सहजीकरण गर्दै आएको छ । "आज र भोलि आँबुखैरेनी गाउँपालिकाभित्रका १२ स्थानमा बिक्री स्थल बनाइनेछ", महिला सशक्तीकरण पालिकाको प्राथमिकता भएको बताउँदै उहाँले भन्नुभयो "केही माला तयार गरी कोल्डस्टोरमा राखिएको छ ।" फूलखेतीबाट समूहमा आबद्ध महिला आर्थिक रूपमा पनि सक्षम भएका छन् ।

# पाल्न छोडे किसानले हल गोरु, आधुनिक हलोले जोत्छन् खेतबारी

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ कार्तिक

एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा पुग्दा खेतबारी जोत्न हल गोरु नै प्रयोग गरिन्थ्यो ।

खेतबारी जोत्ने हली पनि प्रशस्त हुन्थे । तर हिजोआज जनशक्ति अभावमा खेतबारी बाँझोमा परिणत हुँदै गएका छन् । सीमित खेतबारीमा मात्रै किसानले खेती गर्ने छन् । पहिले हल गोरुको काम अहिले मिनिटेलर (आधुनिक हलो)बाटै हुन थालेको छ । बजार क्षेत्रमा एक दशक अगाडिदेखि नै आधुनिकको प्रयोग गरेर खेतबारी खनजोत गरिए गाउँमा त्यो सुविधा थिएन । अहिले यो सुविधा गाउँगाउँ र टोलटोलसम्मै पुगेपछि हल गोरु पाल्न छोडिएको हो । अहिले ग्रामीण क्षेत्रका किसानले अगाल्दै आएको परम्परागत खेती प्रणाली फेरिँदै गएपछि गाउँमा अचेल हल गोरु पाउन मुस्किल हुन्छ । जिल्लाको ढोरपाटन, गलकोट, जैमिनी नगरपालिका, निसीखोला, तमानखोला, ताराखोला गाउँपालिकाका एउटै परिवारले दस हलसम्म गोरु पाल्ने गरेको पाइन्थ्यो तर अहिले त्यो अवस्था छैन । अहिले बारी खनजोत र बाली लगाउने तथा भित्र्याउने कामका लागि अर्मपर्म गर्ने चलन पनि हटेको छ । पछिल्लो समय खनजोतका लागि मिनिटेलर हलो बढी प्रयोगमा आएपछि गोरुले दुई दिनमा सक्ने काम मिनिटेलरले दुई घण्टामै सकिदिन्छ । त्यसले गर्दा किसानको आधुनिक हलोप्रति आकर्षण बढेको गलकोट नगरपालिका-५ का कृष्णबहादुर खत्रीले बताउनुभयो । मिनिटेलर हलोले छिटोछिटो जोत्दा समयको बचत हुने र खर्च पनि कम हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पाँच/सात वर्ष पहिला गाउँमा धेरै मान्छे थिए, वरपरका छरछिमेकी भएर अर्मपर्म गर्थ्यौं, गोरु नपाल्ने कोही हुन्थेन, अहिले त युवा जति विदेश गए, हामी बुढाबुढी भयौं, गोरु पाल्न सक्ने अवस्था छैन, बजारमा गएर हलो किनेर ल्यायो, गोरुले दिन भरि लगाउने काम एकै छिनमा सकिन्छ ।" निसीखोला गाउँपालिका-४ का मनप्रसाद पौडेलले गोरुले खेतबारी जोत्दा समय लाग्ने भए उत्पादन राम्रो हुने तर मिनिटेलरले छिटो भए उत्पादनमा ह्रास आउने बताउनुभयो ।

मिनिटेलरले बारी गहिरो गरी नजोत्दा मकै, धान धल्ने गरेको सुनाउँदै पहाडी क्षेत्रमा हल गोरु नै ठीक हुने उहाँको अनुभव छ । "अहिले गाउँमा गोरु पाल्ने किसान निकै कम छन्, पहिले प्रत्येकको घरमा एक हल गोरु हुन्थे, अहिले मिनिटेलर हलो छ, गोरुले जोत्दा खेतीपाती सप्रिन्थ्यो, उत्पादन राम्रो हुन्थ्यो, तर अहिले धान, गहुँ, मकै कम उब्जनी हुन्छ", उहाँले भन्नुभयो, "सुरुसुरुमा गाउँमा मिनिटेलर आउँदा प्रयोग गरियो, तर उत्पादन घटेपछि अहिले त ओल्लोपल्लो गाउँमा गएर भए गोरु खोजेरै जोत्ने गरेको छु ।" बद्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराउँदै गएपछि बागलुङ नगरपालिकाले हल गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्न थालेको छ । अघिल्लो वर्षदेखि नै किसानले रु पाँच हजारका दिन थालेको हो । गत वर्ष नगरपालिकाले ८१ किसानलाई प्रोत्साहन रकम प्रदान गरेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । हाते ट्र्याक्टर तथा प्रविधिको बद्दो प्रयोगका कारण पुस्तौंदेखि चल्दै आएको गोरुले जोत्ने परम्परा पनि हराउँदै गएकाले त्यसको संरक्षणका लागि हल गोरु पाल्ने किसानलाई प्रोत्साहन गरिएको उहाँको भनाइ छ । नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "आधुनिकीकरणको नाममा हाम्रो परम्परागत खेती प्रणालीलाई अन्त्य गर्नुहुँदैन, आवश्यकताको आधारमा हेरेर आधुनिकीकरण गर्ने हो, व्यावसायिक खेती गर्न परम्परागत खेती गर्नका लागि हल गोरु नै राम्रो हुन्छ, नगरपालिकाले प्रोत्साहन गर्न थालेपछि किसान पनि खुसी हुनु भएको छ ।"


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स. १९९१/08/30

स्वर्गारोहणः वि.स. २०८१/07/03

**स्व: विश्वनाथ शर्मा बास्तोला**

हाम्रा आदरणीय बुबा/हजुरबाबा **विश्वनाथ शर्मा बास्तोला** को ९१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**ज्वाइँ/छोरी :**
कृष्ण प्रसाद (बासुदेब)/शान्तिदेवी सिग्देल

**नाति/नातिनी बुहारी :**
अनन्त/इन्दिरा सिग्देल

**नाति/नातिनी बुहारी:**
किरण/नमुना सिग्देल

**पनातिपनातिनी:**
अग्रिम, कृतज्ञ, कृशला, श्रीजु सिग्देल

**पोखरा-१३, काहुँखोला**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. १९९१/08/30

स्वर्गारोहणः वि.स. २०८१/07/03

**स्व: विश्वनाथ शर्मा बास्तोला**

यस सत्य सेवा आमा समुहका निवर्तमान अध्यक्ष शान्ति सिग्देल एवम् शुभचिन्तक रविन्द्र बास्तोलाका पुजनीय पिता **विश्वनाथ शर्मा बास्तोला** को ९१ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तब्ध भएको छ । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
**नागेश्वर भजन कृतन समुह परिवार**

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
**सत्य सेवा आमा समुह परिवार**

**पोखरा महानगरपालिका-१३ बाँझापाटन**



पान नं. ६०३८१६६५५ | दर्ता नं. ९७६/०७२/७३

"सहकारीमार्फत् आत्मनिर्भरता"

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.
प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोनः ०६१-५७५३८२, ५९०३८१

**सूचना । सूचना ।। सूचना ।।।**

### नवौं वार्षिक साधारण सभा बारेको सूचना-२०८१ कार्तिक २२, र २४ गते

यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-११, कास्कीको सञ्चालक समितिको १४३ औं बैठकको निर्णयानुसार संस्थाको नवौं बार्षिक साधारण सभा नेपाल सरकार सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपशिलमा उल्लेखित कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपशिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुन सम्पूर्ण शेयर सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण भईरहेको छ । कुनै कारणवश पत्र वा सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यसूचि तथा छलफल हुने विषय तथा प्रस्तावहरू**

१. गत साधारण सभाको निर्णय पुस्तिका/माइन्युट अनुमोदन गर्ने ।
२. सञ्चालक समिति, लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
३. संस्थाको बार्षिक कार्यक्रम तथा आगामी कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गर्ने ।
४. आ.व. ०८०/८१ को लेखापरिक्षण सहितको आर्थिक प्रतिवेदन प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
५. शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ताकोष रकम वितरण गर्ने ।
६. आ.व.०८१/८२ को लागि लेखापरिक्षक नियुक्ती एवं पारिश्रमिक तोक्ने ।
७. संचालक समिति, लेखा सुपरिवेक्षण समिति निर्वाचन सम्बन्धमा ।
८. बिनियम संशोधन/पुनर्लेखन तथा नीति कार्यविधि संशोधन/तयार गर्ने (सहकारी ऐन नियमावली अनुसार)
९. संस्था एकिकरण, सेवाकेन्द्र विस्तार/एकिकरण, कार्यक्षेत्र थप गर्ने ।
१०. घर/जग्गा एवं स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा ।
११. सञ्चालक समितिका विभिन्न निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१२. एकाई प्रतिनिधि छनौट सम्बन्धमा ।
१३. साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणिकरण सम्बन्धमा ।
१४. विशेष प्रस्तावहरु सम्बन्धमा

**साधारण सभा सञ्चालन हुने तालिका :-**

| मिति | एकाई | समय | स्थान |
|---|---|---|---|
| २०८१/०७/२२ | (क) लामाचौर सेवाकेन्द्र | १०:०० देखि ३:०० बजेसम्म | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |
| २०८१/०७/२४ | (ख) प्रधान कार्यालय एवं सार्दिखोला सेवाकेन्द्र | १०:०० देखि ३:०० बजेसम्म | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

**एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा**

| | | |
|---|---|---|
| २०८१/०७/२४ | समय अपरान्ह : ४ बजे | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

**साधारण सभा सम्बन्धी थप जानकारीः–**

- वार्षिक प्रतिवेदन सभाको १५ दिन अगावै संस्थाको वेवसाइटमा प्रकाशन गरि संस्थाको आधिकारिक सामाजिक संजाल मार्फत जानकारी गराइएको छ । सदस्यले www.jayalaxmicoop.com को रिपोर्ट Section मा गई Download गर्न सक्नुहुनेछ ।
- सम्पूर्ण सदस्यहरुले माथि उल्लेखित तालिका अनुसार सम्बन्धित एकाईमा उपस्थित भई उपस्थिती पुस्तिकामा उपस्थित जनाई संस्थाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा कुनै जिज्ञासा, सल्लाह सुझाव भएमा सोही सभामा पेश गर्नुपर्नेछ ।
- उल्लेखित एकाईबाट चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित गर्नेछन् ।
- साधारण सभामा उपस्थित हुँदा संस्थाले प्रदान गरेको सदस्यता परिचय पत्र एवं आफ्नो सदस्यता नम्बर अनिवार्य पेश गर्नुपर्नेछ ।
- तालिम, भ्रमण वा अन्य कार्यक्रम/परियोजनाको लागि सदस्यले सदस्यता नम्बर सहित सभा अवधिमा नाम टिपाई दिनुहुन जानकारी गराइन्छ ।
- सभा अगावै संस्थामा सम्पर्क गरि सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्न बाँकी सदस्यहरुले सो अद्यावधिक गर्नुहुन एवं मासिक बचत नगरेका सदस्यहरुले २०७६ पौषबाट मासिक नियमति बचत हुने गरि बचत गर्नुहुन अनुरोध गरिन्छ ।
- सभामा पुरा समय सकृय सहभागि रहनुहुने सदस्यलाई खाजाखाना एवं यातायात खर्च प्रदान गरिनेछ ।
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**शिवलाल उपाध्याय**
**सचिव**